गोरखा नगरपालिकाको कार्यपालिका बैठक
मितिः २०८१/१०/२८
संख्याः १३५

मिति २०८१/१०/२८ गते बसेको कार्यपालिकाको बैठकको निर्णयहरुः

प्रस्ताव नं १:

संघीय समपुरक आयोजना तथा कार्यान्वयनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

निर्णय नं १:

आर्थिक वर्ष २०८२/८३ को लागि राष्ट्रिय योजना आयोगवाट संघीय समपुरक आयोजना तथा विशेष आयोजना कार्यान्वयनको लागि प्रस्ताव आह्वान भए वमोजिम निम्न लिखित ३ वटा आयोजनाहरुको रीत पुर्वक प्रस्ताव तयार गरी राष्ट्रिय योजना आयोगको सम्वन्धित पोर्टलमा आवेदन प्रविष्ट निर्णय गरियो।साथै यस अघि कार्यान्वयनको चरणमा रहेको समपुरक योजनामा थप रकम नमाग्ने निर्णय समेत गरियो।

समपुरक आयोजनाहरु

१. गोरखा बसपार्क देखि हरमटारी हुँदै खोलखोलेसम्मको सडकमा फुटपाथ निर्माण वडा नं. ६ र ८ ।
२. विरिन्चोक, वरथोक, शिखर डाँडा हुँदै स्याउली सडक स्तर उन्नति वडा नं. १०,११ र १२ ।
३. बीस्ने पहरा , समी डाँडा, हेल्थपोष्ट, कोखे आहाले सडक स्तर उन्नति वडा नं. १ र २ ।

विशेष आयोजना

१. पोषणमैत्री नगरपालिका घोषणा कार्यक्रम

प्रस्ताव नं २:

तारानगर स्वास्थ्य चौकीमा नियुक्त चिकित्सकको थप सेवा सुविधा सम्बन्धमा ।

निर्णय नं २:

यस गोरखा नगरपालिका वडा नं. १२ मा अवस्थित तारानगर स्वास्थ्य चौकीमा यस बर्ष विनियोजित बजेटवाट नियुक्त भएको चिकित्सकलाई निजले खाइपाई आउने नेपाल सरकारले तोकेको आठौ तहको चिकित्सकको सेवा सुविधामा बिहान वेलुका समेत सेवा दिने हेतुले र निजलाई कार्य क्षेत्रमा थप मनोबलका साथ कार्य गर्नको लागि रकम थप गरी मासिक कुल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

जम्मा रु. ७० हजार (कर योग्य रकम) पुग्ने हिसाबमा सेवा सुविधा थप गरिदिने निर्णय गरियो ।

**प्रस्ताव नं ३:**

ढुंगा, गिट्टी, बालुवा उत्खननमा हलुका साधन प्रयोग गर्ने सम्बन्धमा ।

**निर्णय नं ३:**

यस आर्थिक बर्षमा नगरपालिकाभित्र नदीजन्य पदार्थहरुको उत्खनन र ओसारपसार गर्ने प्रयोजनको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख गरिएको आधार र ठेक्का लगाइएका स्थानहरुमा उक्त सामग्री संकलन र ओसारपसार गर्ने प्रयोजनको लागि हलुका किसिमको उपकरणहरुको प्रयोग गर्न अनुमति दिनको लागि ठेक्कावालाहरुबाट अनुमति माग भई आएकोले अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४:**

पर्यटन वर्ष मनाउने कार्यक्रमको प्रगति बारे ।

**निर्णय नं ४:**

गोरखा नगरपालिकामा आ.व. २०८१/८२ लाई पर्यटन बर्षको रुपमा मनाउने निर्णय भएको र सो बमोजिम कार्यतालिका समेत सार्वजनिक भइसकेकोमा त्यस बमोजिम भए गरेको प्रगतिको बारेमा छलफल भई केही कार्यक्रम गर्ने समयको मिति संशोधन गर्ने एवम् यसको प्रचारप्रसार र नगरपालिकाभित्र रहेका बिभिन्न सरोकारवालाहरुसँग घनिभूत रुपमा छलफल गरी सबै पक्षको अपनत्वका साथ कार्यक्रमलाई अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५:**

भगिनी सम्बन्ध कायम गर्ने तर्फ भएको प्रगति सम्बन्धमा ।

**निर्णय नं. ५ :**

गोरखा नगरपालिकामा आ.व. २०८१/८२ लाई पर्यटन बर्षको रुपमा मनाउने निर्णय भएसंगै सार्वजनिक भएको कार्यतालिका एवं नगरपालिकाको निर्णय बमोजिम नगर निगम गोरखपुरसँग भगिनी सम्बन्ध कायम गर्ने तर्फ भएको प्रगतिको बारेमा छलफल भयो साथै गण्डकी प्रदेश सरकार र संघीय सरकारसँग शीघ्र समन्वय गरी अनुमति लिने र भगिनी सम्बन्ध कायम गर्ने तर्फ आवश्यक कार्यहरु छिटो अगाडी बढाउने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

**प्रस्ताव नं. ६:**

अदालतको फैसला कार्यान्वयन सम्बन्धमा।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय इन्द्रौंडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ६ :**

यस गोरखा नगरपालिकालाई बिपक्षी बनाई करार बमोजिम भुक्तानी दिलाई पाउँ भन्ने व्यहोराको मुद्दामा जिल्ला अदालत गोरखाबाट फैसला कार्यान्वयनगर्न १५ दिनको म्याद मिति २०८१/१०/१५ गते तामेली भएकोमा उक्त दुई योजनाको रकम भुक्तानी रितपूर्वक गर्नको सम्बन्धित कर्मचारी किरिया बिदामा रहेको र समयभित्र कार्य गर्न नसकिने हुँदा कानुनी प्रक्रिया बमोजिम रितपूर्वक भुक्तानी गर्न आवश्यक समय थप गरिदिन गोरखा जिल्ला अदालतमा पत्र लेख्ने र सम्बन्धित भुक्तानी माग गर्ने पक्षहरुलाई समेत सो बिषयमा जानकारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ७:**

रिक्त स्थानको पदपूर्ति तथा प्राविधिक सहायक पदपूर्ति सम्बन्धमा ।

**निर्णय नं. ७ :**

यस नगरपालिका भित्र रहेका चौकीदार तथा वडा एवं स्वास्थ्य कार्यालयहरुमा रिक्त रहेको कार्यालय सहयोगी पदमा करारमा कर्मचारी छनौट गर्ने नगरपालिकाको कार्यबिधि बमोजिम नियमानुसार पदपूर्ति गर्ने निर्णय गरियो साथै वडा नं. ५ मा सेवा प्रवाहको लागि कार्यालय प्राविधिक सहायकको निकै आवश्यकता रहेको भनी वडा कार्यालयबाट माग भएकोले उक्त कार्यालयमा यस आ.व. को लागि मात्र नियमानुसार पदपूर्ति गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८:**

फोहरमैला व्यवस्थापनको लागि जग्गा छनौट र प्रगति सम्बन्धमा ।

**निर्णय नं. ८ :**

यस गोरखा नगरपालिकाभित्र रहेको फोहरमैला व्यवस्थापनको लागि यस बर्षमा बजेट समेत बिनियोजन भएको र केही सम्भावित ठाउहरु समेत किटानी भएकोमा कार्यपालिकाको बन, वातावरण तथा विपद व्यवस्थापन समितिमार्फत उक्त स्थलहरुको स्थलगत अध्ययन र उपयुक्तताको समेत किटान गरी प्राथमिकता स्तर समेत तोकी जग्गा प्राप्ति प्रक्रियाको लागि कार्यपालिकामा प्रतिवेदन पेश गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

प्रमाणित

| | |
|---|---|
| कृष्ण बहादुर राना मगर<br>नगर प्रमुख | प्रमुख प्रशासकिय अधिकृत |

Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इग्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ९:**

संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।

**निर्णय नं. ९ :**

गोरखा नगरपालिकामा गण्डकी प्रदेशको कितावखानामा पद दर्ता गर्ने प्रयोजन एवं यस अघि बिगतको नगर सभाबाट पारित संगठन तथा व्यवस्थापन सर्वेक्षणमा विद्यमान समयानुकुल र गण्डकी प्रदेशले तोके बमोजिमको तहगत प्रणाली अनुरुप परिमार्जन गर्नुपर्ने आवश्यकता महशुस भएकोले गण्डकी प्रदेशको स्थानीय सेवा ऐन २०७९ को प्रावधान बमोजिम यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने गरी आवश्यक सबै कार्य गर्नको लागि जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १०:**

आवधिक योजना निर्माण सम्बन्धमा ।

**निर्णय नं. १० :**

गोरखा नगरपालिकाको आवधिक योजना हाल सम्म पनि नवनेकोले गण्डकी प्रदेश सरकारको सहयोग एवं साझेदारीमा यस नगरपालिकाको आवधिक योजना निर्माण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११:**

खानेपानी बोर्ड र कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धमा ।

**निर्णय नं. ११ :**

यस नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन २०८० बमोजिम गठित खानेपानी बोर्ड मातहत रहने गरी दैनिक कार्य संचालन गर्न एक कार्यकारीं अधिकृतको नियुक्ति बोर्डको कार्यविधि बमोजिम बिज्ञापन गर्नुपर्ने भएको र सो सम्बन्धी कार्य गर्न खानेपानी बोर्डको लेखा संचालन नहुन्जेल सम्म यस बर्ष नगरपालिका मार्फत बिनियोजन गरिएको खानेपानी बोर्ड तर्फको बजेटवाट खर्च व्यहोर्ने र बोर्डको कार्यकारी अधिकृत नियुक्त भइसके पश्चात लेखा संचालन हुने अवस्थामा बाँकी रहेको रकम बोर्डको खातामा निकासा हुने व्यवस्था मिलाउने गरी कार्य गर्न लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १२:**

जग्गा वर्गीकरण वारे भएको प्रगति सम्वन्धमा ।

**निर्णय नं. १२ :**

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

गोरखा नगरपालिकामा यस अघि नै थालनी भएको जग्गा वर्गीकरण प्रक्रियामा नापी बिभागले मिति २०८१ पुष २८ मा थप १५ दिनको समय लिई छुट भएका जग्गाको कित्ताहरु समावेश गर्ने कार्य सम्पन्न भए पश्चात पुन कार्यपालिका वा जग्गा बर्गिकरण समितिमा छलफल गराई आवश्यक प्रक्रिया मार्फत टुंग्याउने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १३:**

छेवेटारमा खेलकुद ग्राम स्थापनाको लागि गुरुयोजना र बहुउद्देश्यीय कभर्डहल निर्माणको लागि बृहद परियोजना प्रस्ताव बनाउने सम्बन्धमा ।

**निर्णय नं. १३ :**

गोरखा नगरपालिकाको वडा नं. १० स्थित छेवेटारमा हाल रहेको खेलकुद मैदान वरपर रहेको जग्गाहरुलाई समेत समेट्ने गरी उक्त स्थानमा बहु प्रकारका खेलकुद जस्तै फुटवल, एथलेटिक्स, क्रिकेट लगायत इन्डोर खेल खेल्ने मिल्ने बहुउद्देश्यीय कभर्डहल निर्माण गर्ने उद्देश्यले खेलकुद ग्राम स्थापनाको अवधारणाको साथ सम्भावना अध्ययन र आयोजनाको गुरुयोजना बनाउने निर्णय गरियो । साथै कभर्डहलको लागि जग्गा उपयुक्तता र स्थान छनौट पश्चात बृहत आयोजना प्रतिवेदन बनाई कार्यान्वयनको लागि संघ तथा प्रदेश सरकार सँग साझेदारीमा कार्य अगाडी बढाउने निर्णय समेत गरियो ।

**प्रस्ताव नं. १४:**

योजना संचालन सम्बन्धी समस्या समाधान सम्बन्धमा ।

**निर्णय नं. १४ :**

गोरखा नगरपालिकाभित्र योजनाहरु उपभोक्ता समितिबाट संचालन गर्ने क्रममा प्रयोग भएका ढुंगाहरुको राजश्व नगरसभाले तोकेको दर भित्र रही संकलन गर्ने तथा सिमेन्ट डण्डी लगायतको भ्याट बिलहरु जिल्ला प्रशासन कार्यालयले तोकेको दर रेट भन्दा घटीमा उपभोक्ता समितिले प्राप्त गर्दा बेरुजु बढ्ने समस्या बढिरहेकोले सो को तर्कपूर्ण समाधानको लागि पहल गर्ने र क्रमागत योजनाहरु विद्यमान कानुन बमोजिम हुन् योग्य बाहेक सालबसाली रुपमा ल्याइएका साना योजनाहरुलाई यस आर्थिक बर्षमा सम्पादन गर्न नसकिएमा एवं यसै बर्ष समेत बिनियोजन भएका तर कार्य सम्पादन समेत हुन नसकेका योजनाहरुलाई अर्को बर्ष क्रमागत योजनामा नराख्ने गरी खारेज गर्ने निर्णय गरियो ।

**कृष्ण बहादुर राना मगर**
**नगर प्रमुख**

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डुम्रीडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १५**

जमानी बस्ने तथा अख्तियारी सम्बन्धमा ।

**निर्णय नं. १५**

यस गोरखा नगरपालिका स्थित पृथ्वीनारायण साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको लागि तेस्रो Enhancement Programme अन्तर्गत नेपाल सरकारको खानेपानी तथा ढल बिकास बिभाग अन्तर्गत साना सहरी आयोजनाको कार्यालय पानीपोखरीबाट संचालित आयोजनाको स्तरउन्नतिको लागि ठेक्काको कबोल रकम अंकमा आयोजनावाट ७०% रकम प्राप्त हुने र नगर बिकास कोष तर्फबाट २५ % लगानी गर्न सकिने प्रावधान बमोजिम आयोजना व्यवस्थापनगर्न नगरबिकास कोषबाट प्राप्त हुने रकम बार्षिक ५ % ब्याजदरमा ऋण लिनुपर्ने भएकोले सो ऋण प्राप्तिको लागि जमानी बसिदिन उपभोक्ता संस्थाबाट अनुरोध भईआएकोले नगरबिकास कोष र उपभोक्ता संस्था बीच हुने ऋण सम्झौतामा जमानी वसिदिने निर्णय गरियो साथै उक्त ऋण सम्झौताको जमानीमा नगरपालिकाको तर्फबाट हस्ताक्षर गर्न यस नगरपालिकाको प्रमुख श्री कृष्णबहादुर रानालाई अख्तियारी दिने निर्णय समेत गरियो ।

**प्रस्ताव नं. १६:**

बिबिध बिषय सम्बन्धमा ।

**निर्णय नं. १६ :**

क. **सामुदायिक बिद्यालयमा बस व्यवस्थापन :**

यस वर्ष गोरखा नगरपालिकामा बस व्यवस्थापन शिर्षकमा रु. ३० लाख बिनियोजन भएकोमा वडा नं. १२ स्थित महेन्द्र मा.वि. कुन्दुरलाई कल्स ओभर रिजेज नामक संस्थाको साझेदारीमा बस खरिद गर्नको लागि लागत सहभागिता रकम रु. १० लाख व्यहोर्ने र बाँकी रु. २० लाख नगरपालिकाको कृषि एम्बुलेन्स र शववाहन खरिद प्रयोजनको लागि खर्च गर्ने निर्णय गरियो ।

ख. **आयुर्वेद शाखाको भवन मर्मत रकम थप गर्ने सम्बन्धमा**

यस आर्थिक बर्षमा यस नगरपालिकाको आयुर्वेद शाखाबाट आयुर्वेद प्रणालीको सेवाहरु प्रदान गर्नको लागि स्थान अभाव भएकोले गोरखा जिल्ला अस्पतालको हाताभित्र जग्गा उपलब्ध भएकोले सो स्थानबाट सेवा दिने उद्देश्यले भवन मर्मत सुधार तथा अस्थायी

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

प्रकृतिको संरचना बनाउन यस बर्ष विनियोजित रकम अपुग हुने देखिएकोले प्राविधिक लागत अनुमानको आधारमा कुल लागत रु. १० लाख नबढ्ने गरी अन्य मिल्ने स्रोतबाट रकम उपलब्ध गराई कार्य गराउने निर्णय गरियो ।

ग. **धार्चे मनासलु पर्यटन विकास समितिलाई सहयोग सम्बन्धमाः**

धार्चे मनासलु पर्यटन बिकास केन्द्रले यस नगरपालिका स्थित गोरखा दर्वार हुँदै नुवाकोट बाट काठमाडौं सम्मको एकीकरण पदमार्गमा पर्ने पर्यटकीय सम्भावनाको प्रतिवेदन तयार गर्ने उद्देश्यले आवश्यक सहयोग गरिदिन भनी पत्र पेश गरेकोले प्रतिवेदन प्राप्त भए पश्चात नगरपालिकाको पर्यटन बिकासको सम्भावनालाई मध्यनजर गरी उचित सहयोग प्रदान गर्न नगर प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

घ. **गोरखा जेसिसलाई सहयोग सम्बन्धमाः**

गोरखा जेसिसले नयाँ कार्यसमिति निर्वाचित भए पश्चात त्यसको जिम्मेवारी हस्तान्तरण गर्ने बेलामा गोरखा नगरपालिकाको पर्यटन बर्षलाई मध्यनजर गर्दै राष्ट्रिय स्तरको कार्यक्रम गरेकोले उक्त कार्यक्रमलाई पर्यटन बर्ष सम्बन्धी शिर्षकबाट रु. २५००० सहयोग गरिदिने निर्णय गरियो।

ङ. **नेपाल मगर समाजको कार्यक्रम तथा उद्योग बाणिज्य संघ पालुंगटारबाट आयोजित मेलालाई सहयोग सम्बन्धमा ।**

नेपाल मगर समाजको प्रादेशिक कार्यक्रमलाई रु. २५००० सहयोग गर्ने निर्णय गरियो।साथै उद्योग बाणिज्य संघ पालुंगटारबाट आयोजित मेलालाई रु. २५००० सहयोग गर्ने निर्णय गरियो ।

च. **गोरु पालनमा कृषकलाई सहयोग सम्बन्धी मापदण्ड स्वीकृति सम्बन्धमा :**

यस आर्थिक बर्षमा गोरु पालन गर्ने कृषकहरुलाई अनुदान वितरण गर्ने मापदण्ड २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

छ. **बिद्युत तथा खानेपानी महशुल रकम भुक्तानी सम्बन्धमा**

यस गोरखा नगरपालिका अन्तर्गत विभिन्न सार्वजनिक स्थलमा नगरपालिकाको नाममा रहेको विद्युत महशुलहरु तथा खानेपानी महशुल बिबिध कारणबश समयमा भुक्तानी हुन नसकी लामो समय सम्म बक्यौता र जरिवाना समेत रहेकोले यकिन गरी एकपटकलाई

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सबै महशुल भुक्तानी गरिदिने र त्यसपछि समयमै महशुल भुक्तानी हुने व्यवस्था मिलाउने र भए नभएको यकिन गर्ने समेत निर्णय गरियो ।त्यसैगरी वडा नं. ६ र ७ स्थित वहुउद्देश्यीय भवनमा सबमिटर राख्ने कार्य सम्पन्न नभईसकेकोले भाडावालाहरुबाट रकम तिराउन नसकिने र एकमुष्ट रुपमा बिजुलीको बिल आएको हुँदा सो रकम समेत नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner